# वी.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरानको

## कोटेशन माग गरिएको सुचना

(सुचना प्रकाशित मितिः २०८०/०५/२२)

यस प्रतिष्ठानको आ.व. २०७९/०८० को आन्तरिक लेखा परिक्षण गर्नु पर्ने भएको हुंदा लेखा परिक्षण सम्बन्धि कार्य गर्ने इजाजत प्राप्त प्रतिष्ठानमा सुचिकृत फर्म, संस्था, कम्पनीबाट अद्यावधिक फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७८/०७९ को कर चुक्ताको प्रमाणपत्र प्रतिहरु संलग्न गरी यो सुचना प्रकाशित मितिले ७ दिन भित्र कोटेशन पेश गर्नुहुन सुचित गरिन्छ । माग गरिएको कोटेशन तोकिएको म्यादभित्र प्रतिष्ठानको दर्ता चलानी फांटमा खामबन्दि कोटेशन दर्ता गर्नुहुन वा quotation.procurement@bpkihs.edu मा email मार्फत पेश गर्नुपर्नेछ ।

<u>सेवा प्रदायकले निम्नानुसारको कार्य गर्नु पर्ने छ ।</u>

१) आर्थिक वर्ष २०७९/०८० को सम्पुर्ण विल भर्पाई चेक जाँच गरी लेखापरीक्षण गर्ने र लेखा परीक्षणमा देखिएका कैफियत समाधान गर्न आवश्यक सुझाव दिने ।

२) आन्तरिक लेखा परीक्षणको कार्य प्रतिष्ठानको आन्तरिक लेखा परीक्षणको कार्यालयमा बसि गर्नु पर्ने छ ।

३) लेखा परीक्षण गराउदा इजाजत प्राप्त चाटर्ड एकाउन्टेन्ट ,लेखा अधिकृत वा सो सरहको व्यक्तिहरु बाट गराउनु पर्ने छ ।

४) सेवा प्रदायकले आफुले गर्ने कार्यको विवरण सहितको एकमुष्ट रकम भ्याट सहित प्रस्ताव गर्नु पर्ने छ । सो वाहेक अन्य कुनै मसलन्द ,परीवहन सुविधा प्रतिष्ठानबाट उपलब्ध हुने छैन ।

५) उपरोक्त बमोजिमको कार्य कार्यादेश प्राप्त भएको मितिले ४५ दिन भित्र प्रतिष्ठानलाई प्रतिवेदन बुझाउनु पर्ने छ ।

६) आन्तरिक लेखा परीक्षण गर्दा प्रतिष्ठानबाट भए गरेका आर्थिक कारोवारको गोपनियता कायम गर्नु पर्ने छ ।

७) प्रतिष्ठानले आवासको व्यवस्था गर्ने छैन । प्रतिष्ठानको तर्फबाट आवास व्यवस्था गर्नु पर्ने भए नियमानुसार लाग्ने शुल्क लिइने छ ।

८) भुक्तानीको हकमा सम्झौता भए पछि कार्य प्रारम्भ गर्न कवोल अंकको २५% रकम उपलब्ध गराइने छ र तत्पश्चात प्रतिवेदन पेश भई प्रतिष्ठानको कार्यकारिणी समितिबाट पारित भए पश्चात मात्र अन्तिम भुक्तानी गरिने छ ।

९) नियमानुसार लाग्ने कर कट्टा गरी मात्र भुक्तानी दिइने छ ।